# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।०२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी बिकाश झा रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

श्री नेपाने माध्यामिक विद्यालय, सिरानचोक, गोरखाका प्रधानाध्यापक शिवकुमार साहले आ.व. २०७१/०७२ मा विद्यालयको लागि प्राप्त भएको बिभिन्न शीर्षकको सरकारी अनुदानको रकम रु.५,९५,४००।- बदनियतपूर्वक गलत कागजात तयार गरी हानिनोक्सानी गरी खाए मासेको हुँदा निजलाई भ्रष्टाचार निवार ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.५,९५,४००।-(पाँच लाख पन्चानब्बे हजार चार सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी दफा १७ बमोजिम बिगोसमेत असुल उपर हुन,

प्रतिवादी शिक्षा विकास तथा समन्वय इकाइका तत्कालीन प्राविधिक विकाश झाले सह अभियुक्त शिव कुमार साहसंग मिलेमतो गरी बदनियतसाथ झुट्टा कार्य सम्पन्न प्रतिवेदन तथा नापी किताब तयार गरी विद्यालयको लागि बिभिन्न शिर्षकमा प्राप्त अनुदान रु.३,५०,०००।- हानिनोक्सानी गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.३,५०,०००।-(तीन लाख पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी दफा १७ बमोजिम बिगोसमेत असुल उपर हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

विशेष अदालतको मिति २०८०/०९/२४ को फैसलाबाट निम्न आधारमा बिकाश झालाई सफाई दिएकोः-

- नभएको झुट्टा नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन बनाई योजना फरफारक गर्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहेको भनी अर्का प्रतिवादी शिवकुमार साहले विकाश झालाई पोल गरेको नदेखिएको।
- प्रतिवादीले अनुचित लाभ लिएको भन्ने मिसिल प्रमाणबाट नदेखिएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।०२ मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) प्रतिवादी विकाश झाको हकमा शिक्षा कार्यालयबाट विनियोजन भएको रकमबाट तोकिएको कार्य नगरी सरकारी रकम हिनामिना गरेको अभियोगमा तत्कालीन प्रधानाध्यापक शिवकुमार साह र नभएको कार्य भएको भनी गलत प्रतिवेदन दिने प्रतिवादी विकाश झासमेत अभियोजन गरिएकोमा शिवकुमार साहलाई अभियोग मागदावी वमोजिम कसूर ठहर गरी सजाय भएको। तर नभए नगरेको काम भए गरेको भनी बनावटी तथ्य, कागजातहरु एवं झुट्टा कार्यको प्रतिवेदन दिई भ्रष्टाचारजन्य कसूरमा प्रत्यक्ष संलग्न रहेका प्रतिवादी बिकाश झालाई सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।

ख) प्रतिवादी विकास झाले अनुसन्धान अधिकारी समक्ष वयान गर्दा आफुले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ. को रोहवरमा शौचालय निर्माण समेतको कार्य सम्पन्न प्रतिवेदन दिएको हुँ। समितिको निर्णय र मुचुल्काको आधारमा नापी किताब तयार गरेको हो भनी नयाँ पुरानो के कस्तो काम हो यकिन नगरी

विद्यालयको प्र.अ. समेतले भनेको आधारमा प्रतिवेदन दिएको स्वीकार गरेको। सबूद प्रमाणको न्यायिक मूल्याङ्कन गर्न नसकेको, प्रतिवादी शिव कुमार साहले अनुसन्धानमा वयानको क्रममा नापजाँच गर्न विद्यालयमा प्राविधिक नै नआएको र योजना फरफारकको लागि नक्कली कागजातहरु तयार गरिएको हो भनी लेखाइ दिएको अवस्थामा प्रतिवादी विकास झाले निर्माण स्थलमा नै नगई निर्माण एवं मर्मत कार्य नहेरी कार्य सम्पन्न प्रतिवेदन दिएको स्पष्ट देखिंदा देखिंदै प्रतिवादी विकाश झालाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको।

ग) विद्यालय व्यवस्थापन समिति एवं प्र.अ. ले निवेदन गरेपछि मैले गएर हेरेको हूँ। मैले सो सम्बन्धमा हेर्दा सबै कार्य सम्पन्न भइसकेको देखेको, व्यवस्थापन समिति र प्र.अ.ले सम्पन्न भइसकेको भनी शौचालय एवं मर्मतको काम देखाएकोले सो हेरी कार्य सम्पन्न प्रतिवेदन दिएको हुँ" भनी आफुले उनिहरुले देखाएको भरमा काम सम्पन्न भएको प्रतिवेदन दिएको स्वीकार गरेको तथ्यतर्फ नजर अन्दाज गरी प्रतिवादीलाई सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **विकाश झा भएको मुद्दा (०७६-CR-०२८६)** (वि.अ. को( मुद्दा नं. **०७६-CR-**०२८६वि.अ.<br>कसूर ठहर मिति :-२०८०।०९।२४<br>सजाय निर्धारण मितिः- २०८०।१०।०७ | सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको । | तत्कालीन जिल्ला शिक्षा कार्यालय गोरखाबाट आ.व.२०७१/०७२ मा छात्रावृत्ति, पोशाक, झोलाको रू.२,४५,४००।-(दुई लाख पैंतालिस हजार चारसय), सोहि आ.व.मा छात्रा शौचालय निर्माणको लागि प्राप्त रकम रू.२,५०,०००।-(दुई लाख पचास हजार) तथा सोहि आ.व. मा मर्मत शीर्षकमा प्राप्त रकम रू.१,००,०००।-(एक लाख) हिनामिना गरेको भन्ने समेत ब्यहोराको उजुरी निवेदन उपर अनुसन्धान भई अनुसन्धानबाट श्री नेपाने माध्यमिक विद्यालय, सिरानचोक, गोरखाको लागि तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट आर्थिक बर्ष २०७१/०७२ मा प्राप्त छात्रावृत्ति, पोशाक, झोलाका लागि रू.२,४५,४००।-(दुई लाख पैंतालिस हजार चार सय रुपैयाँ) सम्बन्धित विद्यार्थिलाई वितरण नै नगरी हिनामिना गरेको, सोहि आ.व. २०७१/०७२ मा छात्रा शौचालय निर्माणको लागि प्राप्त रकम रू.२,५०,०००।-(दुई लाख पचास हजार रुपैयाँ) तथा मर्मत शीर्षकमा प्राप्त रू.१,००,०००।-(एक लाख) छात्रा शौचालय तथा फर्निचर मर्मत/ निर्माण नै नगरी विद्यालय व्यवस्थापन समितिको झुट्टा निर्णय, झुट्टा नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन एवं झुट्टा बिल भर्पाई तयार गरी सो रकम शिक्षा विकास तथा समन्वय ईकाई, गोरखाबाट फछौंट समेत गराई सरकारी सम्पति बदनियत साथ हिनामिना गरी भ्रष्टाचारको कसूर गरेको स-प्रमाण पुष्टि हुन आएकोले उक्त कसूरमा संलग्न श्री नेपाने माध्यमिक विद्यालय, सिरानचोक, गोरखाका प्रधानाध्यापक शिवकुमार साहले आ.व. २०७१/०७२ मा विद्यालयको लागि प्राप्त भएको बिभिन्न शीर्षकको सरकारी अनुदानको रकम रु.५,९५,४००।-(पाँच लाख पन्चानब्बे हजार चार सय) बदनियतपूर्वक गलत कागजात तयार गरी हानि नोक्सानी गरी खाए मासेको हुँदा निजको सो कार्य भ्रष्टाचार निवार ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएकाले निज शिवकुमार साहलाई बिगो रु.५,९५,४००।-(पाँच लाख पन्चानब्बे हजार चार सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी दफा १७ बमोजिम हानि नोक्सानीको बिगो रु.५,९५,४००।-(पाँच लाख पन्चानब्बे हजार चार सय) असुल उपर गरि पाउन समेत मागदाबी लिईएको छ।<br>अर्का प्रतिवादी शिक्षा विकास तथा समन्वय इकाइका तत्कालीन प्राविधिक विकाश झाले सह अभियुक्त शिव कुमार | **१. फैसलाः**<br>विशेष अदालतबाट फैसला हुँदा प्रतिवादी शिवकुमार साहले निकासा भएको रकम विद्यार्थीको पोशाक तथा झोला खरिद, छात्रा शौचालय निर्माण र मर्मत शीर्षक अन्तर्गत जम्मा रु.५,९५,४००/- सम्बन्धित कार्यमा खर्च गरेको बिल भरपाई समेत पेस गरी प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिँदा निज प्रतिवादीले अभियोग दाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको देखिन आएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम १ वर्ष ६ महिना कैद र सोही दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम रु.५,९५,४००/- (पाँच लाख पन्चानब्बे हजार चार सय रुपैयाँ) जरिबाना हुने ठहर्छ। साथै उक्त ऐनको दफा १७ बमोजिम सो बिगो रकम रु.५,९५,४००/-(पाँच लाख पन्चानब्बे हजार चार सय रुपैयाँ) निज प्रतिबादीबाट असुल उपर हुने ठहर गरी आरोप मागदावी बमोजिम विगो एवं कसूर ठहर गरी सजाय गरेको र अर्का प्रतिवादी विकास झाले आरोप दाबी बमोजिम कसूर गरेको भन्ने प्रमाणबाट पुष्टि हुन नआएकोले निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी फैसला गरेको।<br>२ **प्रतिवादी शिबकुमार साहको हकमा आरोप मागदावी बमोजिमको विगो एवं कसूर ठहर गरी सजाय** | (क) प्रतिवादी विकाश झा शिक्षा विकाश तथा समन्वय इकाई गोरखाका तत्कालीन प्राविधिक रहेकोमा विवाद छैन। गोरखा जिल्लाको नेपाने माध्यमिक विद्यालयमा आ.व. २०७१/७२ मा तत्कालीन जिल्ला शिक्षा कार्यालय गोरखाबाट छात्रा शौचालय निर्माणको लागि रु. २,५०,०००/- तथा मर्मत शीर्षकमा रु. १,००,०००/- प्राप्त भएकोमा सो रकम खर्च गरी कुनै मर्मत कार्य तथा शौचालय निर्माण भएको अवस्था नदेखिएको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगका इन्जिनियर बद्रीबहादुर बुढाथोकी समेतले अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल, काठमाण्डौमा पेश गरेको राय लगत प्रतिवेदनबाट देखिन्छ। शिक्षा कार्यालयबाट विनियोजन भएको रकमबाट तोकिएको कार्य नगरी सरकारी रकम हिनामिना गरेको अभियोगमा उक्त विद्यालयका तत्कालीन प्रधानाध्यापक शिवकुमार साह र नभएको कार्य भएको भनी गलत प्रतिवेदन दिने यी प्रतिवादी विकाश झा समेत उपर अभियोजन गरिएकोमा शिवकुमार साहलाई अभियोग मागदावी वमोजिम कसूर ठहर गरी सजाय भएको छ। विशेष अदालत स्वयंले अभियोग मागदावी वमोजिम सरकारी रकम हिनामिनामा भूमिका खेल्ने विद्यालयका प्रधानाध्यापकलाई सजाय गरेको तर नभए नगरेको काम भए गरेको भनी बनावटी तथ्य,कागजातहरु एवं झुट्टा कार्यको प्रतिवेदन दिइ भ्रष्टाचारजन्य कसूरमा प्रत्यक्ष संलग्न रहेका यी प्रतिवादीलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>(ख) प्रतिवादी विकास झाले अनुसन्धान अधिकारी समक्ष वयान गर्दा आफुले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ. को रोहवरमा शौचालय निर्माण समेतको कार्य सम्पन्न प्रतिवेदन दिएको हुँ। नयाँ निर्माण भएको भए चिन्न सजिलो हुने थियो। ४ साल अगाडिको पुरानो मर्मत कसरी छुट्याउने ? समितिको निर्णय र मुचुल्काको आधारमा नापी किताब तयार गरेको हो भनी नयाँ पुरानो के कस्तो काम हो, यकिन नगरी विद्यालयको प्र.अ. समेतले भनेको आधारमा प्रतिवेदन दिएको स्वीकार गरेको पाइन्छ।त्यसरी कसूर ठहरेको सहअभियुक्तले भने बमोजिम काम गर्ने यी प्रतिवादीको कार्य गैरकानूनी लाभ प्राप्त नगरी सहअभियुक्तलाई सहयोग गर्ने प्रश्नै हुँदैन।यस तर्फ विशेष अदालतले सबूद प्रमाणको न्यायिक मूल्याङ्कन गर्न नसकेको प्रष्टै देखिन्छ।अर्को तर्फ सोही विद्यालयका प्रधानाध्यापक यसै मुद्दामा कसूर ठहर भएका प्रतिवादी शिव कुमार साहले अनुसन्धानमा वयानको क्रममा नापजाँच गर्न विद्यालयमा प्राविधिक नै नआएको र योजना फरफारकको लागि नक्कली कागजातहरु तयार गरिएको हो भनी लेखाइ दिएको अवस्थामा यी प्रतिवादी विकास झाले निर्माण स्थलमा नै नगई निर्माण एवं मर्मत कार्य नहेरी कार्य सम्पन्न प्रतिवेदन दिएको स्पष्ट देखिंदा देखिंदै प्रतिवादी विकाश झालाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>(ग) प्रतिवादी विकाश झाले अदालतमा वयान गर्दा स.ज. ८ मा "म जानु भन्दा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | साहसंग मिलेमतो गरी बदनियतसाथ झुट्टा कार्य सम्पन्न प्रतिवेदन तथा नापी किताब तयार गरी विद्यालयको लागि नेपाल सरकारबाट अनुदान प्राप्त आ.व.२०७१/०७२ को मर्मत शीर्षकको जम्मा रू.१,००,०००।-(एक लाख रुपैयाँ) तथा सोही आ.व.को छात्रा शौचालय निर्माणको रु.२,५०,०००।-(दुई लाख पचास हजार रुपैयाँ) गरी नेपाल सरकारको जम्मा रकम रु.३,५०,०००।-(तीन लाख पचास हजार रुपैंयाँ) हिनामिना तथा हानि नोक्सानी गर्ने गराउने कार्यमा प्रत्यक्ष रूपमा संलग्न रहेको तथ्य मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुन आएको र निजले गरेको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएकाले निज विकाश झालाई बिगो रु.३,५०,०००।-(तीन लाख पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी दफा १७ बमोजिम हानि नोक्सानीको बिगो रु.३,५०,०००।-(तीन लाख पचास हजार) असुल उपर गरी पाउन समेत मागदाबी लिईएको। | **समेत भएको देखिदा निजको हकमा पुनरावेदन जिकिर लिईएको छैन।**<br><br>**३. विशेष अदालत काठमाडौंले प्रतिवादी विकाश झालाई सफाई दिने गरी फैसला गर्दा मूलतःदेहायका आधारहरु ग्रहण गरेको छ।:** (क) नभएको झुट्टा नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन बनाई योजना फरफारक गर्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहेको भनी अर्का प्रतिवादी शिवकुमार साहले विकाश झालाई पोल गरेको नदेखिएको।<br>(ख) यी प्रतिवादीले अनुचित लाभ लिएको भन्ने मिसिल प्रमाणबाट नदेखिएको। | पहिले नै निर्माण तथा मर्मतको कार्य भईसकेको थियो। म गएको समय भन्दा पहिलेका योजना हुन् सो योजना सम्पन्न भइसकेको भनी हेरी पाउन शिक्षा विकाश तथा समन्वय इकाई कार्यालयमा सो विद्यालय व्यवस्थापन समिति एवं प्र.अ. ले निवेदन गरेपछि मैले गएर हेरेको हूँ। मैले सो सम्बन्धमा हेर्दा सबै कार्य सम्पन्न भइ सकेको देखेको,व्यवस्थापन समिति र प्र.अ.ले सम्पन्न भइसकेको भनी शौचालय एवं मर्मतको काम देखाएकोले सो हेरी कार्य सम्पन्न प्रतिवेदन दिएको हुँ" भनी आफुले उनिहरुले देखाएको भरमा काम सम्पन्न भएको प्रतिवेदन दिएको स्वीकार गरेको पाइन्छ। निर्माण सम्बन्धी कार्यमा प्राविधिकले स्टिमेट हेरी सो बमोजिम आफ्नो सुपरिवेक्षणमा तोकिएको मापदण्ड वमोजिम गुणस्तरीय काम गराई सो कामको कार्य सम्पन्न प्रतिवेदन दिनु पर्ने दायित्व हुन्छ। प्रस्तुत मुद्धामा प्रतिवादी स्वयंले अरुले काम भएको भनी देखाएको कार्यलाई वास्तविक कार्य हो भनी गैर जिम्मेवारपूर्ण कार्य सम्पन्न प्रतिवेदन तयार गरी सरकारी रकम हिनामिना गर्न मिलेमतो गरेको तथ्य तर्फ नजर अन्दाज गरी यी प्रतिवादीलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>अतः माथि उल्लिखित आधार कारणहरुबाट विशेष अदालतबाट मिसिल संलग्न तथ्य प्रमाणहरुको मूल्याङ्कन नगरी प्रतिवादी विकाश झालाई आरोपदावी बमोजिमको कसूरबाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिएको हुँदा निज प्रतिवादीको हकमा आरोपपत्र मागदाबी बमोजिम विगो एवं कसूर ठहर गरी सजाय हुन। |